नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, नुवाकोट

# २०८३ भाद्र १० गते भोटेकोशी नदीमा आएको बाढीको कारण उत्पन्न अवस्थाको २०८३ भाद्र १८ गते बिहान ११ बजेसम्मको विवरण

## १.मानविय विवरण

| उद्धार गरिएको नेपाली नागरिक संख्या | | | उद्धार गरिएको विदेशी नागरिक संख्या | | | उद्धार गरिएको कुल जम्मा | शव निकालिएको संख्या (आंसिक अंग सहित) | | | घाइते | बेपत्ता संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | | लिङ्ग पहिचान भएको | लिङ्ग पहिचान नभएको | जम्मा | | नेपाली पुरुष | नेपाली महिला | विदेशी पुरुष | विदेशी महिला | नखुलेको | जम्मा |
| २०८३ भाद्र १० गते देखि भाद्र १७ गतेसम्म | | | | | | | | | | | | | | | | |
| १७९७ | १२४० | ३०३७ | २३२ | २३ | २८९ | ३२९२ | ६८ | १०९ | १७७ | ६२ | १७४० | ४४२ | ८६ | ९८ | ५५ | २४२१ |
| २०८३ भाद्र १८ गते बिहान ११ बजेसम्म | | | | | | | | | | | | | | | | |
| ३ | २ | ५ | ० | ० | ० | ५ | ० | ० | ० | ० | ४ | ० | ० | ० | ० | ४ |
| कुल जम्मा | | | | | | | | | | | | | | | | |
| १८०० | १२४२ | ३०४२ | २३२ | २३ | २८९ | ३२९७ | ६८ | १०९ | १७७ | ६२ | १७४४ | ४४२ | ८६ | ९८ | ५५ | २४२५ |

•जिल्ला प्रशासन कार्यालयमा टिपिएको बेपत्ता संख्या विवरण समेत गणना गरिएको।

• २४ वटा होल्डिङ्ग सेन्टरहरुमा २७९६ जना प्रभावितहरू आश्रय लिइरहनुभएको।

प्रशासकीय अधिकृत

## २. खोज तथा उद्दार

१. त्रिशुली ३-A जलविद्युत आयोजनामा नेपाली सेना, सशस्त्र प्रहरी, CSSR टिम र बिधुतका कर्मचारी गरि ९४ जनाबाट खोज तथा उद्धार कार्य गर्ने क्रममा Crown Head रहेको ठाउँ पत्ता लगाइ १० मिटर गहिरो हिलो लेदो पन्छाएर Drilling गरि इनलेटमा प्वाल पारिएको, उक्त प्वालबाट अत्याधिक मात्रामा पानी आइरहेकोले अर्को ठाँउमा प्वाल पारी खोज तथा उद्धार कार्य निरन्तर रहेको। विज्ञ सहितको टोलीबाट मड पम्प प्रयोग गरी पानी र लेदो निकालेकोमा पुन वर्षाले पुरिएकोले निकाल्ने कार्य भइरहेको। २ घर १ अफिस देखिएको।

२. त्रिशुली ३- B जलविद्युत आयोजनामा हेली मार्फत एक्साभेटर Drop गरि नेपाली सेना, सशस्त्र प्रहरी, CSSR टिम र बिधुतका कर्मचारी गरि ६३ जनाबाट उक्त स्थानमा Critical Item परिचालन गरेर खोज तथा उद्धार कार्य भइरहेको। थप उपकरण समेत, सुरक्षा निकायको उद्दार टोली खटिएको।

३. खोज तथा उद्धार कार्यका लागि २० (shuttle) पटक हेली उडान गरिएको।

४. नेपाली सेनाको अधिकृत तहको नेतृत्व र समन्वयमा मित्र राष्ट्रबाट आएको विज्ञ टोलि समेतको टिमले (UT-१ २१६) अपर त्रिशुली १ को टनेल हेड हाकुमा करिब ३०० मिटर र टनेल टेल मैलुङ्गमा करिब २५० मिटर भित्रसम्म खोज तथा उद्धारको प्रयास भएको र उक्त टनेलहरुमा ३-४ मिटर बाक्लो दलदल हिलो र चट्टानहरू रेहको, उक्त स्थानमा चट्टानहरू फुटाउने कार्य भइरहेको।

५. चिलिमे जलबिधुत आयोजनामा नेपाली सेना, मित्र राष्ट्रको विज्ञ टोली र CSSR टिमले करिब १७० मिटर भित्रसम्म गई खोजी गर्दा हाल सम्म केही फेला नपरेको थप खोज तथा उद्धार कार्य भई रहेको।

६. रसुवागढी जलबिधुत आयोजनामा करिब २५० मिटर भित्रसम्म खोज तथा उद्धारको प्रयास भएको।

७. लाङ्गटाङ्गमा आयोजनामा नेपाली सेना, सशस्त्र प्रहरी, CSSR टिम र बिधुतका कर्मचारी गरि २८ जनाबाट करिब १५० मिटर भित्रसम्म खोज तथा उद्धारको प्रयास भएको। टनेलको दुई स्थानमा प्वाल पारेर खोज तथा उद्धार कार्य भइरहेको।

८. अन्य जलविद्युत आयोजना लगायत ठाउँमा नेपाली सेनाको अधिकृत तहको नेतृत्व र समन्वयमा खोज तथा उद्दार कार्य भइरहेको।

९. नुवाकोट जिल्लाका विभिन्न ९ स्थानहरुमा नेपाली सेनाको Ground Forces बाट खोज तथा उद्धार कार्य भइरहेको।

१०. हरेक ठाँउमा पुग्ने गरि नेपाली सेनाको Petrol Team खोज तथा उद्धार गर्ने गरि परिचालन भएको।

११. नेपाल प्रहरीको केनाइन टोली (२ वटा कुकुर र ४ जनाको जनशक्ति), १२ जना नेपाली प्रहरी सहितको टोलीले मैलुङ्ग क्षेत्रमा खोज तथा उद्धारको कार्य गरिरहेको।

१२. २ जना पर्यटक प्रहरीले उद्धार भएर आएका तथा बेपत्ता विदेशी पर्यटकका आफन्तहरूलाई सहजीकरणका लागी खटिएको।

१३. नेपाल प्रहरीको १० जनाको श्रव्य दृश्य विज्ञ टोली ड्रोन मार्फत बाढी प्रभावित खोला किनाराहरुमा बस्तुस्थीतिको अबलोकन, निरिक्षण र विवरण संकलन गरि खोज तथा उद्धारमा सहजीकरण गरिरहेको। समग्रमा करिब ४५९ जना नेपाल प्रहरी खोज तथा उद्धारका लागी परिचालन भएको।

१४. प्रभावित व्यक्तिहरु रहेको होल्डिङ्ग सेन्टरहरुमा, खोला किनारमा खोज तथा उद्धारका लागी, राहत संकलन तथा वितरण कन्द्रहरुमा र त्रिशुली नदिको दुबै तर्फ खोज तथा उद्धार कार्यमा गरी करिब ४७३ जना सशस्त्र प्रहरी बल परिचालन भएको।

प्रशासकीय अधिकृत

## ३. सडक सञ्चालन

१. गल्छी- देवीघाट सडक खण्डको ठुलो खोला पुल मर्मत र लेदो पन्छाउने कार्य भइरहेको लेदो पन्छाउँदा पुन माथितिरबाट लेदो बगेर आउने क्रम नरोकिएको हुनाले लेदो हटाएर अवरुद्ध पुल/सडक खुलाउने कार्य भईरहेको, बाघखोरबाट काशीटार बालुवा खानीमा मेसिन झारेर ठुलो खोलामा दुबै तर्फबाट कार्य भईरहेको।

२. तादी खोला बगाएर अवरुद्ध, बेली ब्रिज जोड्नका लागि सर्वेक्षण कार्य सम्पन्न भई अवश्यक प्रकृया अगाडी बढेको।

३. ढुंगे बजार क्षेत्र देखि तिरतिरे भीरबाट करिब १ कि.मी. वेत्रावती तर्फ सडक सफा गर्ने कार्य सकिएको, ३-४ वटा मेसिन मार्फत सडकमा जमेको ५-६ मिटर बाक्लो Debris पन्छाउदै अगाडी बढेको। वेत्रावती पुग्न करिब १.८ कि.मी. सडक खण्ड मर्मत बाँकी रहेको, उक्त खण्डमा करिब ३०० मि. सडक खण्ड पुरै कटान गरि नदि बगिरहेको हुँदा सो क्षेत्रका बैकल्पिक सडकको पहिचान कार्य भइरहेको। वेत्रावती तर्फबाट पनि २ बटा एकसाभेटर र १ वटा लोडर मार्फत सफा गर्ने कार्य शुरू हुने चरणमा रहेको।

### बैकल्पिक सडक

१. बाहुनेबेसी-लाच्यांग-परच्यांग-धुन्चे जाने सडकमा साना सवारी संचालनमा रहेको।

२. विदुर- चोगते, बोरेभञ्याङ्ग- लच्याङ्ग- जिरोकिलो- धुञ्चे जाने सडक खण्ड सञ्चालनमा रहेको।

३. ढीकुरे- फेदीबेसी-चोगते, बोरेभञ्याङ्ग- ढुङ्गेधारा हुँदै वेत्रावती रसुवा जाने बाटोमा साना सवारी संचालनमा रहेको।

४. चोगाते- बोरेभञ्याङ- दण्डधारा- ढुङ्गेधारा- पाटीखर्क- भोर्ले सडकमा ठुला सवारी सञ्चालन गर्नका लागि पहल भईहेको।

५. विदुर नगरपालिकाबाट उपलब्ध HEAVY MACHINE हरु विदुर-११ थापाटार- बेत्रावती सडक संचालनका लागि कार्य भैरहेको।

६. कोलोनी- बुद्धसिंहघाट जाने सडक सुचारू रहेको।

७. गल्छी- कोशीखोला- कोलडाँडा- तार्केश्वर-२ वडा कार्यालय- छत्रेखोला पुल तरेर कुमलटार- लबडाँडा- सिरखाली- बुनीबेसी- कालीखोला- माझीगाँउ हुँदै कोलोनी जाने बैकल्पिक मार्ग सञ्चालन रहेको।

८. कोलोनी- ढुंगे लगायत ठाँउमा तुइन सञ्चालन गर्न तुईनको लट्ठा ल्याइएको, विशेषज्ञ टोलीले उपयुक्त स्थान पहिचान गरि तुईन संचालनमा ल्याउने तयारी भइरहेको। नुवाकोटको बिदुर -९ इन्द्रायणी चौर बाट कोलोनी गुम्बामा तुईन निर्माण कार्य सम्पन्न भई सुचारू भएको। देविघाटमा तुइनका लागि लट्ठा राख्ने कार्य भइरहेको।

९. बेलकोटगढी- निरन्जना सडक सुचारू रहेको।

१०. विदुर-५ को देवीघाट सडक खण्डमा सडक सफाई कार्य भइ दुईतर्फ सडक सञ्चालन रहेको।

११. बिदुर- पिपलटार- धमले- निरन्जना- बागखोर- देउराली- दुईपिपल- कोल्पुटार हुँदै गल्छी जाने बाटो बैकल्पिक रुपमा प्रयोग गर्न सकिने ।

## ४. स्वास्थ्य

१. नेपाली सेनाको मेडिकल टिमले होल्डिङ्ग सेन्टरहरूमा सम्भावित संक्रमण फैलिन नदिनका लागि Disinfection को कार्य गरिरहेको। साथै प्रभावितहरुलाई मनोसामाजिक परामर्श दिने कार्य भइरहेको।

२. सशस्त्र प्रहरी बलको विज्ञ डाक्टर तथा स्वस्थ्यकर्मीद्वारा २४ सै घण्टा परिचालित भई मोबाइल मेडिकल सर्भिस प्रदान गरिएको। उक्त टोलीले विस्थापित तथा उद्धार गरिएका पीडितहरूलाई निरन्तर रूपमा आवश्यक स्वास्थ्य सेवा तथा टोलीमार्फत मनोसामाजिक परामर्श दिने कार्य समेत गरिरहेको ।

३. मिति २०८३ भाद्र १७ गतेसम्ममा सशस्त्र प्रहरी बलको मेडिकल टोलीद्वारा १५०२ जनाको स्वास्थ्य जाँच गरिएको साथै देविघाटका स्थानीयको घर वरपर र

प्रशासकीय अधिकृत

विद्यालय वरपर किटनासक औषधीहरू छर्किएर Disinfection गरिएको।

४. विभिन्न अस्पतालहरूबाट आएका ३८ जनाको मेडिकल टिमले विभिन्न होल्डिङ्ग सेन्टरमा रहि स्वास्थ्य एवम मनोपरामर्श सेवा प्रदान गरिरहेको।

## ५. खानेपानी

१. देवीघाटमा बोरिङ्गबाट जेनेरेटर प्रयोग गरि खानेपानीको व्यवस्थापन भएको।
२. विदुरमा विभिन्न स्थानहरुमा टयाङ्करबाट खानेपानी व्यवस्थापन गर्ने कार्य भइरहेको।

## ६. राहत वितरण

१. गृह मन्त्रालय, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, जिल्ला प्रशासन कार्यालय, सबै सुरक्षा निकायका प्रतिनिधि, स्थानीय तहका प्रतिनिधि रहेको संयन्त्र मार्फत एकद्वार प्रणाली अनुसार राहत वितरण सम्बन्धी कार्य भइरहेको।
२. जिल्ला समन्वय समितिको हल, मैथली व्यारेक र बिदुर नगरपालिकाको कार्यालयबाट राहत संकलन र वितरणको कार्य भइरहेको ।
३. मितिः २०८३ भाद्र १७ गते सम्ममा २५४ वटा संघ-संस्था मार्फत राहत संकलन भएको।
४. मितिः २०८३ भाद्र १७ गते सम्ममा १९३ वटा ठाँउहरूमा राहत वितरण भएको।
५. मिति २०८३ भाद्र १७ गते ५ पटक हेली मार्फत राहत सामग्री पठाइएको।
६. मितिः २०८३ भाद्र १८ गतेको संकलित भएको र संकलन केन्द्रबाट वितरण भएको विवरण राष्ट्रिय सूचना प्रणालीमा प्रविष्ट हुने क्रममा रहेकोछ।

## ७. शव व्यवस्थापन

१. कोल्पु खोला देखि मैलुङ्ग शान्ती बजार क्षेत्रसम्म त्रीशुली वारि र पारी गरि ३० ठाँउलाई आधार बनाइ सुरक्षा निकायकाद्वारा थप खोजी कार्य जारी रहेको।
२. विभिन्न स्थानहरुबाट पहिचान खुलेका र नखुलेका गरि १७७ बटा शव फेला परेका र सो को व्यवस्थापनका कार्य प्रकियामा रहेको।
३. मिति २०८३ भाद्र १७ गतेसम्म १८ वटा शवको पहिचान भई, आफन्तहरूलाई जिम्मा लगाईएको।
४. २ वटा ठुला शव राख्ने चिस्यान सहितको कन्टेनर आयुर्वेद तथा वैकल्पिन चिकत्सालय, विदुर- ५ देविघाटमा राखिएको।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय विदुर नुवाकोट

प्रशासकीय अधिकृत

## ८. Holding Shelter सम्बन्धी विवरण

| सि.नं. | Camp रहेको स्थान | प्रभावित स्थान | शिविरको नाम | हाल बसोबास (संख्या) | राहत बाडिएको स्थानहरु | राहत पुर्‍याउन नसकेको स्थान | मेडिकल टिम | वडा अध्यक्ष सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|---|---|
| १ | विदुर नगरपालिका विदुर-७ | विदुर-७ तुप्चे क्षेत्र | लाईबेरी, स्वास्थ्य चौकी तुप्चेटार | २५० | विदुर ७ | राहत पुगेको | नभएको | रविन्द्र नेपाल ९८४१५४८९४७ |
| २ | विदुर नगरपालिका विदुर-२ | विदुर-१ त्रिशुली ढुङ्गे क्षेत्र र विदुर-४ सिमचौर | सेफहाउस/क्रियापुत्रि भवन | १७९ | विदुर २ | राहत पुगेको | भएको | लेलिन रन्जित ९८५१२६४००१ |
| ३ | विदुर नगरपालिका विदुर-२ | विदुर-१० (वेत्रावतीका प्रभावितहरु) | स्वास्थ्य चौकी विदुर २ नुवाकोट दरबार | ११४ | विदुर २ | राहत पुगेको | नभएको | गणेश कुमार नेपाल ९८५१२६४०१० |
| ४ | विदुर नगरपालिका विदुर-४ | विदुर-४ बट्टार क्षेत्र | कवर्ड हल/ हिमालयन एकेडेमी | २५४ | विदुर ४ | राहत पुगेको | नभएको | निलम बाबु ढुङ्गेल ९८५१२६४००४ |
| ५ | विदुर नगरपालिका विदुर-५ | विदुर-५ देविघाट | आयुर्वेद बैकल्पिक चिकात्सालय | ११० | तमाङ्ग प्लाजा बट्टार विदुर ४ | राहत पुगेको | नभएको | लिलानाथ न्यौपाने ९८५१२६४००५ |
| ६ | विदुर न.पा. विदुर-५ | विदुर-५ देविघाट | चन्द्रज्योती मा.वि. | १८० | विदुर ५ देविघाट | राहत पुगेको | भएको | लिलानाथ न्यौपाने ९८५१२६४००५ |
| ७ | विदुर नगरपालिका विदुर-१० | विदुर-१० बेत्रावती भैसे क्षेत्र | सुन्दरि क्यौरीनि मा.वि. | १२० | विदुर १० बेत्रावती भैसे क्षेत्र | राहत पुगेको | नभएको | गणेश कुमार नेपाल ९८५१२६४०१० |
| ८ | विदुर नगरपालिका विदुर-९ | विदुर-१ त्रिशुली बजार क्षेत्र | कोलनि कवर्ड हल / भैरुम मावि | ३२४ | विदुर १ त्रिशुली बजार क्षेत्र | राहत पुगेको | नभएको | लेलिन रन्जित ९८५१२६४००१ |
| ९ | विदुर नगरपालिका विदुर-१ | विदुर-१ त्रिशुली बजार क्षेत्र | इन्दायणी आ.वि. विदुर १ | १०७ | विदुर १ त्रिशुली बजार क्षेत्र | राहत पुगेको | नभएको | लेलिन रन्जित ९८५१२६४००१ |
| १० | विदुर नगरपालिका विदुर-३ | विदुर-३ देविघाट सिटखालि क्षेत्र | रणभुवनेश्वरी मा.वि/ वडा कार्यालय | ७५ | विदुर 3 देविघाट सिटखालि क्षेत्र | राहत पुगेको | नभएको | बद्री प्रसाद रिमाल ९८५१२६४००३ |
| ११ | बेलकोटगढी नगरपालिका विदुर-७ | बेलकोटगढी नगरपालिका-७ रातमाटे जिलिङ क्षेत्र | महादेव मावि | २७२ | बेलकोटगढी नगरपालिका- 7 रातमाटे जिलिङ क्षेत्र | राहत पुगेको | नभएको | भुवनेश्वर नेपाल ९८४१०८७०३९ |
| १२ | विदुर न.पा. विदुर-९ | विदुर न.पा. वडा नं.-९ | त्रिशुली आ.वि. | १९८ | विदुर न.पा. वडा नं.- 09 | राहत पुगेको | भएको | हरिराम भण्डारी ९८५१२६४००९ |
| १३ | विदुर न.पा. विदुर-९ | विदुर न.पा. वडा नं.-९ | शुलक्षणा मा.वि. | ९८ | विदुर न.पा. वडा नं.- 09 | राहत पुगेको | नभएको | हरिराम भण्डारी ९८५१२६४००९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | किस्पाङ गा.पा. किस्पाङ-५ | किस्पाङ वडा नं.-५, | कार्की मनकामना आ.वि., कार्कीगाउँ | ११ | किस्पाङ वडा नं. 5, कार्कीगाउँ | राहत पुगेको | नभएको | प्रकाश तामाङ्ग ९८६०१९०९२१ |
| १५ | किस्पाङ गा.पा किस्पाङ-५ | किस्पाङ वडा नं.-५ अर्चले | त्रिभुवन मा.वि. | ५४ | किस्पाङ वडा नं. 5 अर्चले | राहत पुगेको | नभएको | प्रकाश तामाङ्ग ९८६०१९०९२१ |
| १६ | विदुर नगरपालिका विदुर-४ | रसुवा | तामाङ प्लाजा विदुर ४ बट्टार | ११९ | तामाङ प्लाजा विदुर ४ बट्टार | राहत पुगेको | नभएको | निलम बाबु ढुङ्गेल ९८५१२६४००४ |
| १७ | बेलकोटगढी नगरपालिका बेलकोटगढी-७ | बेलकोटगढी नगरपालिका-७ | महादेब क्याम्पस महादेव फाँट | २६ | महादेब क्याम्पस महादेव फाँट | राहत पुगेको | नभएको | भुवनेश्वर नेपाल ९८४१०८७०३९ |
| १८ | बेलकोटगढी नगरपालिका बेलकोटगढी-७ | बेलकोटगढी नगरपालिका-७ | शिलादेवी मा बि रातमाटे | ६० | शिलादेवी मा बि रातमाटे | राहत पुगेको | नभएको | भुवनेश्वर नेपाल ९८४१०८७०३९ |
| १९ | बेलकोटगढी नगरपालिका बेलकोटगढी-८ | बेलकोटगढी नगरपालिका- ८ | जनसेवा आ. बि | ३५ | जनसेवा आ. बि | राहत पुगेको | नभएको | शुरेशलाल चित्रकार ९८४१०८७८१५ |
| २० | बिदुर नगरपालिका बिदुर-३ | बिदुर नगरपालिकाबिदुर-३ | माझीगाँउ देवीटार | | माझीगाँउ देवीटार | राहत पुगेको | नभएको | बद्री प्रसाद रिमाल ९८५१२६४००३ |
| २१ | बिदुर नगरपालिका विदुर-६ | बट्टार चौतारा/ चिस्यान केन्द्र | बट्टार चौतारा/ चिस्यान केन्द्र | १० | बट्टार चौतारा/ चिस्यान केन्द्र | राहत पुगेको | नभएको | श्याम कृष्ण चालिसे ९८४१४५२४४३ |
| २२ | बिदुर नगरपालिका विदुर-४ | बिदुर नगरपालिका विदुर-४ | युनाइटेड आधारभुत बिद्यालय | ५५ | युनाइटेड आधारभुत बिद्यालय | राहत पुगेको | नभएको | निलम बाबु ढुङ्गेल ९८५१२६४००४ |
| २३ | बिदुर नगरपालिका विदुर-९ | बिदुर नगरपालिका विदुर-१ | स्टार बोर्डिङ्ग कोलोनि | ११० | स्टार बोर्डिङ्ग कोलोनि | राहत पुगेको | नभएको | हरिराम भण्डारी ९८५१२६४००९ |
| २४ | बिदुर नगरपालिका विदुर-१० | वेत्रावती | खमारे स्याले, केराघारी | ३५ | खमारे, स्याले, केराघारी | राहत पुगेको | नभएको | गणेश कुमार नेपाल ९८५१२६४०१० |
| | जम्मा | | | २७९६ | | | | |

**थप जानकारी तथा विवरणका लागि**

**Website:** http://www.daonuwakot.gov.np

**Facebook Page:** http://www.facebook.com/daonuwakot0/

**Dead body पहिचानको लागिः** http://www.nepalpoilce.gov.np